# चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बलम्बु, काठमाडौं

प.सं. : २०८१/०८२
च.नं. :

बागमती प्रदेश, नेपाल

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

मितिः२०८२-०१-२८

### कृषि पर्यटन (नमुना गाँउ विकास) प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८२/०१/२८

चन्द्रागिरि नगरपालिका, कृषि विकास शाखाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सरकारबाट सशर्त वित्तिय हस्तान्तरित **कृषि पर्यटन (नमुना गाँउ विकास) प्रवर्द्धन कार्यक्रम**, नगरपालिकाको वडा नं. १ मा, वागमती प्रदेश, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको स्थानिय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ वमोजिमको लागत साझेदारीमा सञ्चालन गर्नुपर्ने भएकोले, सम्वन्धित वडा भित्रका ईच्छुक होमस्टे सञ्चालक, कृषि पर्यटनमा संलग्न सामुदायिक संस्था, कृषि पर्यटन व्यवसायमा आवद्ध समूह/सहकारी, सामुहिक/ चक्लावन्दी कार्यक्रम सञ्चालन गर्ने समुह/सहकारी र निजि फार्मले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०२/१७ गते भित्र नगरपालिकाको कृषि विकास शाखामा तपशिलमा उल्लेखित आवश्यक कागजात सहित निवेदन दर्ता गराउनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

आवश्यक थप जानकारी तथा प्रस्तावको ढाँचाको लागि कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

तपशिल

| क्र. स. | कार्यक्रम को नाम | लक्ष्य | वजेट रु (लाखमा) | कार्यक्रम सञ्चालन हुने वडा | प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|---|
| १ | कृषि पर्यटन (नमुना गाँउ विकास) प्रवर्द्धन कार्यक्रम | १ पटक | १५ | वडा नं १ | • कृषि पर्यटन प्रवर्द्धन गरिने गाँउ/टोल परिसरको सरसफाई सुधार, सौन्दर्यिकरण ।<br>• पहुँच सडक र आवास सुधार ।<br>• फोहोर व्यस्थापन तथा कम्पोष्ट मल उत्पादन ।<br>• कला, संस्कृति, संगित र कोशेली केन्द्रको स्थापना ।<br>• कृषि उपज र पशुपन्छि उत्पादन तथा व्यवस्थापन । |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. कार्यक्रम कार्यान्वयनको लागि तोकिएको ढाँचामा संक्षिप्त कार्ययोजना (प्रस्ताव) सहितको निवेदन ।
२. लागत अनुमानको विवरण ।
३. प्रस्तावकले लागत साझेदारी र कार्यक्रम सञ्चालन गर्ने तथा अन्य निकायबाट अनुदान लिए/नलिएको प्रतिवद्धता पत्र ।
४. सम्वन्धित निकायमा कृषि फर्म/कृषक समुह/सहकारी/समिति/संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
५. कृषि पर्यटनमा आवद्ध हुने घरधुरीको नाम, परिवार संख्या, जमिनको क्षेत्रफल, लगाईने कृषि वाली वा पशुपन्छि तथा पर्यटकिय सेवाका लागि उपलव्ध सेवा सम्वन्धि विवरण सहितको प्रोफाईल ।
६. समुह/सहकारीको हकमा प्रवन्ध पत्र वा नियमावली र कार्यसमितिको निर्णयको प्रतिलिपि ।
७. प्यान दर्ता प्रमाण पत्र तथा चालु आर्थिक वर्षको करचुक्ता वा कर छुट भएको प्रमाणपत्रको प्रतिलिपि ।
८. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
९. प्रस्तावित स्थलको फोटो ।
१०. सम्वन्धित वडा कार्यालयको सिफारिस ।
११. कार्यालयबाट माग भएका आवश्यक अन्य कागजात ।

..............
राम प्रसाद न्यौपाने
शाखा प्रमुख
कृषि विकास शाखा